आज मिति २०८३ साल भदौ महिना १५ गतेका दिन यस छविसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री बसन्त बहादुर चलाउने ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीको उपस्थितिमा देहाय बमोजिमका बिषय उपर छलफल गरि तपसिल बमोजिमका निर्णयहरु पारित गरियो :-

उपस्थिति

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री बसन्त बहादुर चलाउने | गा.पा. अध्यक्ष |
| | श्री लछिमन बोहरा | गा.पा. उपाध्यक्ष |
| | श्री टेक बहादुर रावत | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री करनजंङग बहादुर सिह | वडा अध्यक्ष १ |
| | श्री पविन्द्र बहादुर मण्डेल | वडा अध्यक्ष २ |
| | श्री श्याम बहादुर सिंह | वडा अध्यक्ष ३ |
| | श्री अम्मरराज थापा | वडा अध्यक्ष ४ |
| | श्री झलक बहादुर धामी | वडा अध्यक्ष ५ |
| | श्री गजेन्द्र कुमार बुढा | वडा अध्यक्ष ६ |
| | श्री विजय धामी | वडा अध्यक्ष ७ |
| | श्री अरुण वि.क. | कार्यपालिका सदस्य |
| | श्री आशा कुमारी थापा कठायत | कार्यपालिका सदस्य |
| मिन्जु | श्री मिन्जु कुमारी कडायत | कार्यपालिका सदस्य |
| | श्री सरस्वती सिंह रेग्मी | कार्यपालिका सदस्य |
| | श्री विमला देवी वि.क. | कार्यपालिका सदस्य |
| | श्री अन्जना बोहरा | कार्यपालिका सदस्य |
| | श्री सिद्धराज भण्डारी | योजना अधिकृत |
| | श्री गगन ब० रेडी | प्रशासन अधिकृत |
| | | |

अनुसूची -१

(कार्यविधिको दफा ७ को उपदफा १ संग सम्बन्धित)

छविसपाथिभेरा गाउँपालिका

गाउँकार्यपालिका

कार्यसूची र समय तालिका

बैठक संख्याः २ ( आ.व. २०८३।०८४)        बैठक स्थानः छविसपाथिभेरा गाउँपालिका

अध्यक्षताः श्री बसन्त बहादुर चलाउने

| मिति | बैठकबस्ने समय | कार्यसूची | कार्यसुची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८३।०५।१५ | विहान<br>११:३०बजे | १. भोटेकोशीका आएको बाढी विपद सम्बन्धमा ।<br>२.LGPAS को मुल्याङकन सार्वजनिक गर्ने सम्बन्धमा ।<br>३. दिगो सुधार योजना अनुमोदन सम्बन्धमा ।<br>४. म.ले.प. सम्बन्धमा<br>५. प्राथमिकता प्राप्त वाली बस्तु तथा स्थान छनौट सम्बन्धमा । | अध्यक्ष | |

**निर्णयहरु**

१. प्रस्ताव न १ माथि छलफल गर्दा यहि मिति २०८३।५।१० गते रसुवा जिल्लाको भोटेकोशीमा आएको भिषण प्राकृतिक विपत्ति बाढीले ठुलोमात्रामा मानविय र भौतिक क्षेति भएकोले दिवगंत आत्माको चिरशान्तीको कामना, घाईतेहरुको शिध्र सु स्वास्थ्य लाभको कामना यस दुखद घडीमा यस गाउँपालिकामा रहेका सबै जनप्रतिनिधिहरु प्राप्त गर्ने माशिक सेवा सुविधाबाट ५ दिन बाफतको हुन आउने रकम र विपद कोषबाट २००००० दुई लाख रकम प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय पारित गरियो।

२. प्रस्ताव न २ माथि छलफल गर्दा आ व २०८२।०८३ मा स्थानिय शासन कार्यसम्पादन मुल्याङ्कनमा विभिन्न सुचकहरुमा प्राप्त गरेको प्रारम्भिक नतिजामाथि छलफल गरि विषयगत समितिबाट प्राप्त पृष्ठपोषण सहित आवश्यक संशोधन गरि भदौ मसान्त भित्र जि.स.स. मा पठाउने भन्ने निर्णय पारित गरियो।

३. प्रस्ताव न ३ माथि छलफल गर्दा यस गाउँपालिकाको सेवालाई प्रभावकारी बनाउन जनमैत्री सेवा प्रदान गर्न समग्र यस गाउँपालिकालाई समृद्धि बनाउन दिगो सुधार योजनालाई अनुमोदन गर्ने निर्णय पारित गरियो।

४ . प्रस्ताव न ४ माथी छलफल गर्दा यस गाउँपालिकाको आ व २०८२।०८३ को म.ले. प. टोलीले आज बसेको बैठकमा लेखा परिक्षण सम्बन्धी विस्तृत जाननकारी गराईयो।

५. प्रस्ताव न ५ माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालयको निर्णयबाट यस गाउँपालिकाको वडा न ५, ६ र ७ मा RHVAP कार्यक्रम तपशिल अनुसारका बालीहरु छनौट गरि लागु गर्ने निर्णय पारित गरियो।

| क्र स | वडा न | प्राथमिकता प्राप्त बाली/ बस्तु | सहायक बाली |
|---|---|---|---|
| १ | ५ | सिमि, | लसुन,कोदो,टिमुर, जौ, तरकारी, बाख्रा, कुखुरा र भकारो सुधार , |
| २ | ६ | कोदो | लसुन,सिमि,टिमुर, जौ, तरकारी, बाख्रा, कुखुरा र भकारो सुधार ,परालपुरो धान |
| ३ | ७ | लसुन | सिमि,कोदो,टिमुर, जौ, तरकारी, बाख्रा, कुखुरा र भकारो सुधार, |